हरिनगर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हरिनगरा, सुनसरी
कोशी प्रदेश

प.सं.:- २०७९/८०
च.नं.:-

## विषय:- प्रस्ताव आह्वान सम्बन्धमा ।

(पेहिलो पटक प्रकाशित मिति:-२०८०/०२/२८)

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत पोषण सुधारको लागि विपन्न समुदायको महिला समुह वा सहकारीलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम गर्न नगद अनुदान बजेट रु ६,२५,०००।-(छ लाख पचिस हजार मात्र) प्राप्त रहेको र देहाय छनौट मापदण्डका आधारमा कार्यान्वयन गर्नु पर्ने भएको हुदा आवश्यकता सहित न्यून्तम आय भएका दलित तथा अल्पसंख्यक जात जातीबाट ईच्छुक महिला समुह वा सहकारी संस्था तथा लगुउद्यम गरिरहेकाहरुले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यस गाउँपालिका क्षेत्र भित्रका सबै महिला समुह वा सहकारी संस्थाहरुमा जानकारी साथ अनुरोध छ ।

| क्र.सं. | कार्यक्रमको नाम | कुल बजेट | प्रस्ताव पेश गर्ने स्थान | कै. |
|---|---|---|---|---|
| १ | आत्म निरभर आयआर्जन तथा लघुउद्यम सुधारको लागि विपन्न समुदायको महिला समुह वा सहकारीलाई विपन्न दलित व्यवसाय सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम गर्ने नगद अनुदान | रु ६,२५,०००।- | हरिनगर गाउँपालिकाको कार्यालय, हरिनगरा, सुनसरी | |

**प्रस्ताव उल्लेख हुनु पर्ने कुराहरु:-**

- प्रस्ताव पेश गर्ने हरिनगर गाउँपालिका अन्तर्गतको दलित, आर्यआर्जन न्यून भएका तथा अल्पसंख्यक जातिका वा अन्य महिला समुह वा सहकारी संस्था वा लघुउद्यमी हुनु पर्नेछ ।
- दलित/विपन्न/सिमान्तकृत महिलाहरुको नाम, ठेगाना, सम्पर्क नम्बर उल्लेख गरेको हुनु पर्नेछ ।
- संक्षिप्त व्यवसायिक कार्य योजना समेत पेश गर्नु पर्नेछ ।
- प्रस्ताव पेश गर्ने महिला समुह वा सहकारी संस्था लघुउद्यमीले सरकारी निकायबाट हाल सम्म अनुदान प्राप्त नभएको हुनु पर्नेछ ।
- समुह वा सहकारी संस्थाको निवेदन, प्रतिवद्धता पत्र, समुह वा सहकारी संस्थाको एक बैठकको निर्णय प्रतिलिपी, साधारण सभा सम्पन्न भएको निर्णयको प्रतिलिपी, आ.व. २०७८/०७९ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी, पान.नं., आ.व. २०७८/०७९ को कर चुक्ता गरेको प्रमाणपत्र प्रतिलिपी, दर्ता नविकरण प्रमाणपत्रको प्रतिलिपी सबै विवरण खुलाएर पेश गर्नु पर्नेछ ।
- विपन्न सुनौलो १००० दिनका आमा तथा किशोरीहरुको घर परिवारका २५ जना सदस्यको नाम र व्यवसायको योजना सहितको नाम पेश गर्नु पर्नेछ ।
- बहुक्षेत्रिय पोषण योजना सम्बन्धी आयमुलक कार्यक्रम संचालन कार्यबिधि, २०७७ बमोजिम लागु हुनेछ ।

**नोट:- थप जानकारीको लागि सम्पर्क नम्बर:- ९८४२०५८५७२/९८२०७०६३६५**